Website: www.daopyuthan.moha.gov.np
E-Mail:- daopyuthan@moha.gov.np,
daopyuthan2074@gmail.com

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
प्यूठान

फोन नं ०८६-४२००३३
४२०१३३
४२००४८
फ्याक्स ०८६-४२०२९९

पत्र संख्याः- ०७८/०७९
चलानी नः ३५८८

मितिः- २०७९।०१।१२

विषयः- मासिक प्रगति विवरण पठाइएको सम्बन्धमा ।

श्री गृह मन्त्रालय,
नीति, योजना, अनुगमन तथा मूल्याँकन महाशाखा,
सिंहदरबार, काठमाण्डौ ।

प्रस्तुत विषयमा यस कार्यालय र यस कार्यालय अन्तरगत इलाका प्रशासन कार्यालय जसपुर, प्यूठानबाट मिति २०७८ चैत्र १ गते देखि २०७८ चैत्र मसान्तसम्म सम्पादन भएका कामहरुको प्रगति विवरण पाना थान- ७(सात) यसै साथ संलग्न राखी पठाइएको व्यहोरा सादर अनुरोध छ ।

२०७९/०१/१२
प्रशासकीय अधिकृत

| सि.नं. | सेवाको किसिम | जिल्ला प्रशासन कार्यालयबाट प्रदान गरिएका सेवा | | | इलाका प्रशासन कार्यालय जस्पुरबाट प्रदान गरिएका सेवा | | | कै. |
|---|---|---|---|---|---|---|---|---|
| | | गत महिना सम्मको जम्मा | चैत्र महिनाको जम्मा | कूल जम्मा | गत महिना सम्मको जम्मा | चैत्र महिनाको जम्मा | कूल जम्मा | |
| १ | नागरिकता प्रमाणपत्र वितरण | | | | | | | |
| | क) बंशजको आधारमा नागरिकता प्रमाणपत्र वितरण | ५२२८ | ४६५ | ५६९३ | २४४८ | १७९ | २६२७ | |
| | ख) नागरिकता प्रमाण पत्र प्रतिलिपी वितरण | ३२४२ | २९० | ३५३२ | ७६८ | ८९ | ८५७ | |
| | ग) बैबाहिक अंगिकृत नागरिकता प्रमाणपत्र वितरण | ३ | ५ | ८ | | - | | |
| २ | नाबालक परिचय पत्र वितरण | ११ | ३ | १४ | १ | - | १ | |
| ३ | राहदानी वितरण | | | | | | | |
| | क) कार्यालयबाट सिफारिस | १०९६ | १४८ | १२४४ | २७३ | - | २७३ | |
| | ख) द्रुत सिफारिस | १३३३ | १०९ | १४४२ | ५५१ | २० | ५७१ | |
| | ग) राहदानी वितरण | १३२८ | ६२ | १३९० | ३८१ | १२ | ३९३ | |
| ४ | राष्ट्रिय परिचयपत्र दर्ता | | | | | | | |
| | दर्ता | ५२९५ | ७८६ | ६०८१ | | - | | |
| ५ | सिफारिस | | | | | | | |
| | क) भारतीय पेन्सनरका लागि | १३३ | २७ | १६० | | - | | |
| | ख) आदिवासी जनजातीको सिफारिस | ५२६ | ३८ | ५६४ | २०७ | २३ | २३० | |
| | ग) दलित जातीको सिफारिस | ३४८ | २२ | ३७० | ८६ | ४ | ९० | |

प्रशासकीय अधिकृत

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
प्युठान

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | घ) चालचलन प्रमाणित | | २० | ० | २० | | - | | |
| | ङ) नामथर प्रमाणित | | ३७९ | ४० | ४१९ | ४ | ९ | १३ | |
| | च) अन्य सिफारिस | | ७४ | ४ | ७८ | | - | | |
| ६ | सहायता कक्षबाट प्रदान गरिएको | | ३३७४ | ३९५ | ३७६९ | १४०५ | ३१९ | १७२४ | |
| ७ | मुद्दा किसिम | | चैत्र महिनाको | | | | | | |
| | | | दर्ता | फैसला | | | | | |
| | क) सार्वजनिक नैतिकता विरुद्ध | | १ | - | | | - | - | |
| | ख) क्षतिपूर्ति | | १ | १ | | | - | - | |
| | ग) हातहतियार | | - | - | | | - | - | |
| | घ) कालो बजार | | - | - | | | - | - | |
| ८ | ठाडो उजुरी | | - | - | | | - | - | |
| ९ | बजार अनुगमन | | १ पटकमा २ वटा बजार क्षेत्र (चुँजाठाँटी, मरन्ठाना तथा बाग्दुला) | | | | - | | |
| १० | कार्यालय अनुगमन | | | - | | | - | | |
| ११ | राजश्व संकलन राहदानीबाट | | गत महिना सम्मको | चैत्र महिनाको | कूल जम्मा | गत महिना सम्मको | चैत्र महिनाको | कूल जम्मा | |
| | | | ५८,२३,२५०। | ७,५५,०००। | ६५,७८,२५०। | १३,५०,००० | - | १३,५०,००० | |
| १२ | अन्यबाट राजश्व संकलन | | २,७३,१५०। | ६,७००। | २,७९,८५०। | - | - | - | |
| १३ | राहत वितरण (बाढी, पहिरो, आगलागी, चटयाङ, हावाहुरी, असिना र पानी) | कार्यालयबाट | १५,४५,०००। | ४५,०००। | १५,९०,०००। | - | - | - | |
| | | लुम्बिनी प्रदेश सरकारबाट | ३६,३०,०००। | - | ३६,३०,०००। | | | | |

प्रशासकीय अधिकृत

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १४ | हातहतियार नामसारी / नविकरण | - | ०/० | ०/० | | | |
| १५ | संघ संस्था दर्ता / नविकरण | | २/४ | २/४ | | | |
| १६ | हतियार मर्मत सम्बन्धी अनुमति पत्र / नविकरण | | ०/० | ०/० | | | |
| १७ | विष्फोटक पदार्थ इजाजत पत्र / नविकरण | | ०/५ | ०/५ | | | |

१९. यस कार्यालयबाट भएका अन्य कार्यहरु:-

क) कोभिड-१९ रोकथाम तथा नियन्त्रण सम्बन्धी कार्यहरु

- यस जिल्लामा मिति २०७८/१२/३० गतेसम्म कूल ४६३१ जनामा कोभिड-१९ संक्रमण देखिएको छ । यसमा पि.सि.आर. परिक्षण ६९१३ जनाको गरिएकोमा १२६४ जना संक्रमित र Antigen परिक्षण १०६८० जनाको गरिएकोमा ३३६७ जना संक्रमित भेटिएका छन् ।कोभिड-१९ संक्रमण भई मृत्यू हुने ७९ जना, सक्रिय संक्रमित नभएको, उपचार पछी निको भई घर फर्कने ४५५२ जना छन भने स्वास्थ्यको पूर्वाधारहरुमा अस्पताल १ वटा, वेड संख्या ५, HDU Bed ५ वटा रहेको छ भने ICU र भेन्टिलेटर नरहेको अवस्था छ ।
- नेपाल सरकारको नीति अनुसार नागरिकहरुलाई खोपको पहिलो मात्रा जम्मा १,६६,५२३ जनालाई, खोपको पुरा मात्रा जम्मा १,५१,६५७ जना र बुष्टर डोज ३७,२३२ व्यक्तिहरुलाई लगाइएको छ ।
- जिल्लामा अस्पताल लगायत स्वास्थ्य संस्थाहरुमा अक्सिजनको सहज आपूर्ति व्यवस्थाको लागि प्यूठान अस्पतालमा मध्यम स्तरको अक्सिजन प्लान्टको निर्माण गरिएको छ ।
- १५ महिनादेखि १५ वर्ष मुनिका वालवालिकालाई मिति २०७८/१२/२५ गतेदेखि टाइफाइड खोप अभियान संचालन गरि जम्मा ७५१५२ जना वालवालिकालाई खोप लगाईएको ।

प्रशासकीय अधिकृत

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
प्युठान

ख) शान्ति सुरक्षा र अमनचैन सम्बन्धी कार्य

- मिति २०७९ बैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनका लागि स्थानीय तह निर्वाचन जिल्ला सुरक्षा योजना, २०७८ को मस्यौदा तयार गरिएको ।
- शान्तिपूर्ण ढंगले स्थानीय तहको निर्वाचन सम्पन्न गर्न जिल्ला सुरक्षा समितिबाट मतदान स्थलको अनुगमन तथा निरीक्षण गरिएको।
- जिल्लामा शान्ति सुरक्षा कायम गर्न सुरक्षाका सबै निकायहरुले सूचना संकलन, विश्लेषण गरी गस्ती, पट्रोलिङ, LRP तथा Joint Operation लगायतका सुरक्षा कारवाही गरी सुरक्षा व्यवस्थालाई चुस्तदुरुस्त बनाईएको छ ।
- सुरक्षाकर्मीहरुको परिचालन गरी त्यस्ता किसिमका गैरकानूनी क्रियाकलामहरु निस्तेज पारी कानून बमोजिम कारबाही गरिएको र सुरक्षा व्यवस्थालाई चुस्तदुरुस्त र प्रभावकारी बनाईएको छ ।
- गर्मि मौसमको शुरुवातसँगै हुन सक्ने आगलागि, हावाहुरी, चट्याङ जस्ता विपद्जन्य घटनाबाट क्षती हुन नदिनका लागि सुरक्षा निकायहरुले सम्बन्धित स्थानीय तहहरु र अन्य सरोकारवाला निकायहरुसँग समन्वय गरी समयमै सहजिकरण गर्ने गरिएको।
- स्थानीय तह निर्वाचन, २०७९ को लागि म्यादी प्रहरीको सम्पूर्ण चरणको परीक्षा संचालन गरी नियुक्तिका लागि सिफारिस गरिएको ।
- सुरक्षा समितिको नियमित तथा आवश्यकता अनुसार गरी ४ वटा बैठकहरु सम्पन्न भएका छन् ।

ग) विपद् व्यवस्थापन सम्बन्धी कार्यहरुः-

- जिल्ला विपद् व्यवस्थापन समितिको बैठक आवश्यकता अनुसार बसी विभिन्न निर्णयहरु हुने गरेको र उक्त निर्णयहरु कार्यान्वयनका लागि सरोकारवाला सबैसँग समन्वय र सहजीकरण गरिएको ।
- जिल्लामा आगलागिका घट्ना र सवारी दुर्घटनाबाट २ जनाको मृत्यू तथा २१ जना घाइते भएका तथा विपद्का घटनाबाट क्षती भएका व्यक्तिहरु (परिवार) लाई आवश्यकता अनुसार तत्काल राहत उपलब्ध गराउने गरिएको ।

प्रशासकीय अधिकृत

- विपद् प्रभावित व्यक्तिहरुलाई प्रदेश सरकारबाट प्राप्त राहत वितरण गरिनुका साथै विपद् प्रभावितलाई प्रदेश सरकारबाट राहत उपलब्ध गराउन प्रदेश मन्त्रालयमा सिफारिस गर्ने गरिएको ।

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय धुम्बुटा

घ) सुशासन सम्बन्धी कार्यहरु:-

- दैनिक प्रतिवेदन प्रणाली (DRS) र मासिक प्रगति प्रतिवेदन पठाइएको ।
-
- नियमित स्टाफ मिटिङ गरी सेवा प्रवाहलाई प्रभावकारी, नागरिकमैत्री बनाउने तथा आइपरेका समस्या समाधानका लागि छलफल गर्ने गरिएको ।
- जिल्लास्थित सरकारी कार्यालयको कार्यालय प्रमुखको नियमित बैठक बसी आइपरेका समस्याहरुको बारेमा छलफल तथा सहजिकरण र समन्वय गर्ने गरिएको ।
- २०७९ बैशाख ३० गते हुने स्थानीय तह निर्वाचन सफल पार्न सबैले आ-आफ्नो तहबाट सहयोग समन्वय गर्ने व्यवस्थाको बारेमा छलफल गरिएको ।
- बढुवा समितिको सचिवालयको रुपमा बढुवा सम्बन्धि कार्य गरि नेपाल प्रशासन सेवातर्फ २ जना र नेपाल विविध सेवातर्फ १ जना उम्मेदवारलाई बढुवा सिफारिस गरि उजुरीकालागि सूचना प्रकाशित गरिएको ।
- २०७९ बैशाख ६ गतेदेखि शुरु भएको कृषि गणना सम्बन्धी कार्यलाई सहयोग तथा समन्वय गर्न जिल्ला स्थित सबै स्थानीय तहहरुलाई अनुरोध गरिएको ।
- सबै सरकारी कार्यालयहरुले सरकारी सम्पत्तिको दुपयोग हुन नदिने तर्फ विशेष ध्यान दिई त्यसको रेखदेख तथा संरक्षणमा गर्नेगराउने व्यवस्था / मिलाइएको ।
- प्रशासकीय अधिकृतको संयोजकत्वमा जिल्लाको मुख्य बजार क्षेत्र मिति २०७८/१२/२९ मा चुँजाठाँटी र कुँडारा, मिति २०७८/१२/३० मरन्ठाना र बाग्दुलामा अनुगमन गरिएको ।

प्रशासकीय अधिकृत

- विभिन्न निकायहरुको कामकाजलाई सहजीकरण गर्न आवश्यकता अनुसार बैठक, छलफल आदिका माध्यमबाट निर्णय गरिएको र समस्या समाधानका लागि अनुगमन तथा निरीक्षण कार्यलाई प्रभावकारी बनाइएको ।
- जिल्ला स्थित विभिन्न पक्षहरु (राजनीतिक दल, पत्रकार, गैर सरकारी महासंघ, पेट्रोलियम व्यवसायी संघ) सँग समन्वय बैठक बसी सरोकारका विषयमा छलफल गरिएको।
- गृह मन्त्रालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय तथा अन्य तालुक निकायहरुबाट प्राप्त निर्देशन र परिपत्र आदिको कार्यान्वयन गर्ने गरिएको ।

प्रशासकीय अधिकृत